रामेछाप नगरपालिकाको आगामी आ. व. २०७५/७६ को तेश्रो नगर सभामा रामेछाप नगरपालिकाका
नगर प्रमुख श्री नरबहादुर थापा मगरज्यू, ले पेश गर्नु भएको

## वार्षिक नीति, कार्यक्रम तथा बजेट वक्तव्य ।

रामेछाप नगरपालिकाको आमन्त्रणलाई स्वीकार गरि तेश्रो नगर सभामा उपस्थित हुनु भएका प्रमुख अतिथि प्रदेश नं.३ का आर्थिक मामिला तथा योजना मन्त्री श्री कैशाल प्रसाद ढुंगेल ज्यू,
अतिथि प्रदेश सभाका सदस्य माननिय श्री शान्ति प्रसाद पौडेल ज्यू,
अतिथि प्रदेश सभाका सदस्य माननिय श्री रिता माझी ज्यू,
अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री प्रेमबहादुर खड्का ज्यू,
अतिथि मन्थली नगर पालिकाका नगर प्रमुख श्री रमेश कुमार बस्नेत ज्यू,
नेपाल कम्युनिष्ट पार्टि (नेकपा) का जिल्ला प्रतिनिधि श्री आनन्द श्रेष्ठ ज्यू,
नेपाली कांग्रेसका जिल्ला पार्टि सभापति श्री ................ ज्यू,
प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद शर्मा ज्यू,
नन्दा बक्स गणका गणपती श्री प्रमोदकुमार थापा ज्यू,
नेपाल कम्युनिष्ट पार्टि (नेकपा) का नगर प्रतिनिधि श्री होतराज ढकाल ज्यू,
नेपाली कांग्रेसका नगर पार्टि संयोजक श्री कमलविक्रम कार्की ज्यू
उपस्थित पत्रकार महोदय,
नगर सभाका सभासद महोदय,
आमन्त्रित विभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रमुख एवं प्रतिनिधि ज्यूहरु
तथा उपस्थीत कर्मचारी मित्रहरु,

सर्वप्रथम म विभिन्न कालखण्डमा राजनैतिक तथा सामाजिक परिर्वतनका साथै लोकतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जिवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिदहरुको सपना र मार्गदर्शन अनुरुपको नयाँ नेपाल निर्माणलाई सार्थक तुल्याउने यात्रामा हामी सबैलाई प्रेरणा मिल्ने अपेक्षा गर्दछु ।

प्राकृतिक रुपमा सुन्दर नगरपालिकाको आर्थिक, समाजिक, धार्मिक, साँस्कृतिक र पर्यटकीय दृष्ट्रिले महत्वपुर्ण केन्द्र तथा साविक रामेछाप जिल्लाको पुरानो सदरमुकाम अवस्थीत यस रामेछाप नगरपालिकाको स्थानिय तह निर्वाचन पश्चात् हुन गई रहेको तेश्रो नगर सभा मार्फत आर्थिक वर्ष २०७५/७६ को वार्षिक बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा म अत्यन्तै हर्ष विभोर भएको छु ।

आ-आफ्नो कार्य व्यस्तताका वावजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि यस नगरको तेश्रो नगर सभालाई उच्च प्राथमिकता दिई सभाको गरिमामय शोभा वढाई उपस्थित हुनु हुने सबै आमन्त्रित प्रमुख अतिथि, विशिष्ट अतिथि, विशेष अतिथि, अतिथि तथा नगरसभाका सदस्य महोदयहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

महाभारत पर्वत श्रृखलाको उत्तरतिर परेको यस नगरपालिकाको धेरै जसो भूभाग कम वर्षा हुने र सुख्खा क्षेत्र वढी रहेको छ । यस क्षेत्रमा सिंचाईको अभावमा परम्परागत खेती प्रणाली गर्नु पर्ने भएकोले कृषि उत्पादन र खाद्य आपूर्तिको हिसावले आत्मनिर्भर हुन सकेको छैन । यस नगरपालिकामा खेती योग्य र सिंचाई सुविधा भएको जमिन कम छ । खानेपानिको पर्याप्तताको दृष्टिले पनि कमजोर रहेको यस नगरपालिकामा गत विगत वर्षको भन्दा केन्द्रीय वजेट र स्थानीय आन्तरिक स्रोत पनि वढ्ने भएकोले यस नगरपालिकाको विकास, समृद्धी र यहांका जनताको आर्थिक सामाजिक अवस्थामा उल्लेख्य सुधार हुने आशा र विश्वास पलाएको छ ।



नर बहादुर थापा मगर
नगर प्रमुख

स्थानीय तहको निर्वाचन भएको गत वैशाख ३१ गते १ वर्ष पुरा भएको छ । १ वर्षमा केहि अभाव केहि अप्ठ्यारो, केहि सुख केहि दुःख को अनुभुती र अनुभव संगाल्ने अवसर मिल्यो । करिब सुन्यको अवस्थाबाट नगरपालिका सुरुवात गरेता पनि ईमान्दार प्रयास, सबै जननिर्वाचित प्रतिनिधि साथीहरुको साथ र सहयोग सन्तोषजनक प्रगति भएको छ । सम्पूर्ण साथिहरुको साथ र सहयोगको लागि हार्दिक धन्यवाद र आभार प्रकट गर्न चाहान्छु यस सभामा सम्पूर्ण साथीहरुको अपुर्व जोस जाँगर र सक्रियता देखेर अन्यन्तै उत्साहित भएको छु । यो जोस जाँगर र उत्साहलाई सकारात्मक सोचमा बदलौ जसबाट हामी रामेछाप नगरपालिकाको जनताको भविष्य निर्माण गर्न सक्छौं ।

यस नगरको प्रथम नगर सभाले लिएको लक्ष्य **"कृषि, पर्यटन, सडक, खानेपानी हाम्रो पुर्वाधार, रामेछाप नगर विकासको दिगो आधार"** लाई आत्मसात गर्दै आर्थिक वर्ष २०७४/७५ को संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आ. व. लाई प्राप्त वित्तिय समानिकरण अनुदान, सशर्त अनुदान, राजस्व बाडफाड तथा आन्तरीक आय समेत एकमुष्ठ कुल अनुमानित आम्दानी रु.३५,३३,३७,०००।- बाट विभिन्न नगर तथा वडा स्तरीय विकास योजनाहरुमा रकम विनियोजन गरिएकोमा असार १५ गते सम्ममा ३७ वटा नगर स्तरीय र १४० वटा वडा स्तरीय भौतिक पुर्वाधार लगायत लक्षित कार्यक्रम, प्रवर्धानात्मक कार्यक्रम, पर्यटन प्रवर्धन लगायतका कार्यक्रम सम्पन्न भई रु.२७,५८,६५,४७३।– र सामाजिक सुरक्षा भत्ता रु. ८,१५,९९,०००।– आर्थिक प्रगतिको अवस्था रहेको यस सभा समक्ष अवगत गराउदछु । मुख्यत: ६८ कि. मि. सडक नया ट्र्याक ओपन र २० कि.मि. सडक स्तरोन्नती भएको छन भने ३३ वटा खानेपानी योजना संचालन भई करिब ६६० घर घुरी लाभान्वीत भएको छ । नगरपालिकाको आन्तरीक आम्दानी रु. १५ लाख अनुमान गरिएकोमा रु. ४६,९१,५८९।– आम्दानी गर्न सफल भएको छ, उक्त अनुमान भन्दा धेरै आम्दानी हुनुको मुख्य कारण पुन: निर्माणको क्रममा बनेका घरहरुको नक्सा पास मुख्य स्रोत रहेको छ ।

नगरको गौरवको योजना रहेको वडा नं. ६ र ७ स्थीत भालुखोप डाडामा प्रस्तावित भ्यू टावर जग्गा जमिनको यकिन को लागि पहल भई रहेको र यस वर्ष पनि वजेट विनियोजन गरि निरन्तरताको लागि प्रस्ताव गरिएको छ । नगरले आफ्नै पहलमा ब्याक हो लोडर खरिद भई सकेको र स्काभेटर पनि खरिद प्रक्रियाको अन्तिम चरणमा पुगेको छ । सामाजिक सुरक्षा भत्ता तिनै पटक चौमासिक रुपमा वितरण सम्पन्न भई सकेको छ साथै नगर कार्यपालिकाको बैठकका सम्पूर्ण निर्णयहरु सर्वसहमतिको आधारमा गरिएकोछ ।

<u>आदरणीय महानुभावहरु,</u>

रामेछाप जिल्लाका तिन लाल मध्ये गंगालाल र पुष्पलालको जन्मभूमि यसै नगरपालिका भित्र रहेको छ । ऐतिहासिक तिल्केस्थान गढी, केवलेश्वर महादेव स्थान, भालुखोप भ्यूटावर, गणेशटार मन्दिर, भिमसेन थान मन्दिर, तामाङ्ग समुदायको आस्थाको केन्द्र भालुखोपमा रहेको वौद्ध गुम्वा, सुकाजोरमा रहेको ताराखसे पोखरी र मन्दिर, डुकुरसिंह डाँडाँ, निशान भगवती मन्दिर, हायू जातिको प्रसिद्ध महाकाली मन्दिर लगायत अन्य थुप्रै ऐतिहासिक महत्व बोकेको रामेछाप वजार, च्याँस्कु वजार, साँघुटार वजार, रामपुर भञ्जयाँङ्गले गर्दा यस नगरपालिकामा पर्यटन उद्योगको प्रवल संभावना रहेको छ ।

स्थानीय तह संचालन ऐन, २०७४ को मर्म अनुरुप विकेन्द्रीकरणको अवधारणा अनुसार स्थानीयस्तरमा स्थानीय आवश्यकताहरुको पहिचान गरि स्थानीय स्रोत साधनको अधिकतम सदुपयोगका साथ स्थानीय नगरवासिहरुको आवश्यकता पूर्ति गर्ने अहम् जिम्मेवारी स्थानीय तहले निर्वाह गर्दै आएका छन् । योजना तथा कार्यक्रम छनोट एवं परिचालन गर्दा समावेशी रुपमा सहभागितात्मक पद्धती अवलम्बन गरि मूलत: महिला, बालबालिका, आदिवासी जनजाति, दलित, फरक क्षमता भएका, जेष्ठ नागरीकका साथै अन्य वर्ग तथा समुदाय लगायत विकासको मूलधारमा टाढा रहेका समुदायलाई प्राथमिकता दिई विकासमा सहभागि हुन समेत थप जोड दिएको



नर बहादुर थापा मगर
नगर प्रमुख

छ । प्रस्तुत वार्षिक नीति, कार्यक्रम तथा वजेट स्थानीय तह संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेका प्रावधानहरु, मन्त्रालयवाट प्राप्त मार्गदर्शनहरु र वजेट निर्माण दिग्दर्शन, निर्देशिका तथा ५ बर्षे रणनीतिक योजना तर्जुमाले दिएका सुझावलाई दृष्टिगत गर्दै नगरको आन्तरिक श्रोतको बृद्धि हुने र भूगोल, जनसंख्या तथा आवश्यकता समेतलाई आधार मानी विभिन्न तहवाट प्राप्त हुन आएका सुझावहरु लिई वजेट विनियोजन गरेको छु ।

**प्रमुख अतिथि, अतिथिगण एवं नगर सभाका सदस्य महोदय,**

निर्वाचनमा प्रतिस्पर्धा, विकासमा सहमतिको सिद्धान्तलाई लिएर सवैसँग सहकार्य तथा सहयोगका साथ रामेछाप नगरपालिकाको समृद्धी तर्फ उन्मुख हामी यस रामेछाप नगरवासीको चाहानालाई मध्यनजर राख्दै विकास निर्माणका कार्य गरिने छ । नगरसभा वा नगरकार्यपालिकाको वैठकबाट पारित सम्पूर्ण योजनाहरु समयमै कार्यान्वयन गर्न उत्प्रेरीत गरिने छ । साथै बेरुजु र पेश्की शून्य बनाइने नीति लिईने छ । लक्षित कार्यक्रममा विनियोजीत वडागत रकममा महिला तर्फ २० प्रतिशत, बालबालिका तर्फ २० प्रतिशत, फरक क्षमता भएकाहरुको लागि १५ प्रतिशत, दलित १५ प्रतिशत, जेष्ठनागरीक १५ प्रतिशत र जनजाती/लोपोन्मुख तर्फ १५ प्रतिशत खर्च गर्नु पर्ने प्रावधान गरिएको छ । सशर्त अनुदानमा प्राप्त रकम भन्दा बाहेक नगरपालिकाको विकास बजेटको रकमवाट विषयगत कार्यालय शिक्षा, स्वास्थ्य र कृषि तथा पशु तर्फ पनि करिब ८ प्रतिशत विनियोजन गरिएको छ ।

नगरपालिकाको नगरसभावाट नीति तथा कार्यक्रम र बजेट पारित गर्ने क्रममा यहाँहरु सामु म आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम योजना तर्जुमाको लागि बजेट तयारी गर्न अवलम्वन गरिएको मुख्य आधारहरुलाई उल्लेख गर्न चाहन्छु ।

- ✓ स्थानीय तह संचालन ऐन, २०७४ मा भएको कानूनी व्यवस्थाहरु
- ✓ स्थानिय वजेट तर्जुमा दिग्दर्शन, २०७४ संशोधन सहित
- ✓ संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको दिग्दर्शन, परिपत्र तथा नीति निर्देशनहरु ।
- ✓ वडा भेलावाट छनोट भई वडा समितिले प्राथमिकता गरि आएका योजनाहरु
- ✓ राजनैतिक दलहरुवाट प्राप्त सुझावहरु

रामेछाप नगरपालिकाको आर्थिक वर्ष २०७५/७६ को विषयगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

नर बहादुर थापा मगर
नगर प्रमुख